ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

# तिउरीको फूल, पायरियाको गन्ध कथामा सीमान्तीयता

उमादेवी गुरागाईं

सुकुना बहुमुखी क्याम्पस

guragainsita2014@gmail.com

https://doi.org/10.3126/gyandeep.v10i2.77317

**लेखसार**

प्रस्तुत आलेख पारिजातद्वारा लेखिएको 'तिउरीको फूल, पायरियाको गन्ध' कथामा चित्रित सीमान्तीयताको अध्ययनमा केन्द्रित छ । यस कथामा प्रयुक्त पात्रहरू विविध कारणले सीमान्तीकृत भएको पाइएकाले तिनीहरूको विश्लेषण यस लेखमा गरिएको छ । सीमान्तीयताको सैद्धान्तिक आधार निर्माण गरी पाठपरक विश्लेषण विधिमा लेखिएको यस लेखमा कथाभित्र रहेको लैङ्गिक तथा वर्गीय सीमान्तीकृत समुदायप्रति प्रभुत्वशाली वर्गको दृष्टिकोण र व्यवहारको अध्ययन गरी कथाको विश्लेषण गरिएको छ । विशेषगरी 'तिउरीको फूल, पायरियाको गन्ध' कथामा घरबारविहीन बनाइएर बेवारिसे रूपमा बाटामा फालिएकी कथाकी प्रमुख नारी पात्र लाटी मात्र होइन, घरभित्रका नारीहरू पनि पुरुषको भोगविलासको साधन बन्न बाध्य भएका छन् । सुरक्षाका लागि खटिएका पुलिस प्रशासनबाटै लाटी बलात्कृत हुनुले राज्यबाट नै महिला असुरक्षित भएका तथ्य प्राप्त भएका छन् । कथामा नारीले लैङ्गिक तथा वर्गीय रूपमा सामाजिक न्याय प्राप्त गर्न नसकेकाले सीमान्तीकृत हुनपरिरहेको छ । यसको मुख्य कारणमा पितृसत्तात्मक सामाजिक संरचना र विभेदकारी आर्थिक संरचना मुख्य जिम्मेवार रहेको ठहऱ्याउदै त्यसको निराकरण हुनुपर्ने आशय कथाकारको रहेको निष्कर्ष यस अध्ययनबाट प्राप्त भएको छ ।

*शब्दकुञ्जी :* उत्पीडन, प्रभुत्वशाली, लैङ्गिक, वर्गीय, सीमान्तीकृत

## विषयपरिचय

पारिजात (१९९०–२०५०) समाजमा विद्यमान सामाजिक तथा आर्थिक विभेदप्रति विद्रोह गर्ने कथाकार हुन् । साहित्यका कविता, कथा, उपन्यास, आत्मसंस्मरण जस्ता विविध विधामा उनको महत्त्वपूर्ण योगदान रहेको पाइन्छ । समाजमा भएका लैङ्गिक, वर्गीय तथा जातीय दमन तथा हिंसाको सन्दर्भलाई कथामा मुख्य विषयवस्तु बनाएर प्रस्तुत गर्ने पारिजात सीमान्तीकृत समुदायका पक्षमा आवाज उठाउने कथाकार हुन् । 'मैले नजन्माएको छोरो' (२०२१) कथाबाट कथायात्रा सुरु गर्ने पारिजातका *आदिम देश (२०२५), सडक र प्रतिभा (२०३२), साल्गीको बलात्कृत आँसु (२०४३) र बधशाला जाँदा आउँदा (२०४९)* गरी जम्मा चारवटा कथासङ्ग्रह प्रकाशित छन् । प्रस्तुत 'तिउरीको फूल, पायरियाको गन्ध' शीर्षकको कथा आदिम देश (२०२५) कथासङ्ग्रहमा सङ्गृहीत छ । यस कथामा घरबारविहीन बनाइएर सडकमा फालिएकी अनि त्यहाँ नारकीय जीवन भोग्न बाध्य भएकी प्रमुख नारी पात्र लाटीको जीवनकथालाई कथ्य बनाएर तत्कालीन समाजमा रहेको सामाजिक विभेदको चित्रण गरिएको छ । कथामा विभेदकारी सामाजिक संरचनाका कारण लैङ्गिक, तथा वर्गीय रूपमा सीमान्तीकृत हुन पुगेको समुदायको पीडादायी अवस्थालाई कथाको मुख्य विषयका रूपमा प्रस्तुत गरिएको छ । यसले तत्कालीन विमर्शात्मक संरचनाको सामाजिक शासन व्यवस्थाका कारण सिर्जित विभिन्न लिङ्गीय तथा वर्गीय असमानतालाई समेटेको हुँदा प्रस्तुत कथा सीमान्तीयता अध्ययनका दृष्टिले महत्त्वपूर्ण देखिन्छ । यहाँ पुरुषहरूले महिलालाई केवल यौनतृप्तिको साधन ठान्ने र उनीहरूमाथि अमानवीय

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X
व्यवहार गर्न पछि नपर्ने परिस्थितिको उल्लेख गरेर प्रभुत्वशाली वर्गले जबर्जस्ती अधीनस्थ वर्गमाथि आफ्नो वर्चस्व कायम गरी सीमान्तीकृत बन्न बाध्य गराइएको तथ्य प्रस्तुत गरिएको छ ।

लिङ्ग, वर्ग, जाति, धर्म आदि विभिन्न आधारमा समाजको मूलधारभन्दा बाहिर पारिएका, उत्पीडनमा परेका तथा अधिकारबाट वञ्चित गरिएका मानिसको समुदाय नै सीमान्तीकृत हुन् र यिनै सीमान्तीकृत समुदायको अध्ययन गर्ने सिद्धान्तलाई सीमान्तीयता भनिन्छ । सबाल्टर्न(सीमान्तीयता)सम्बन्धी सैद्धान्तिक मान्यतालाई सर्वप्रथम प्रयोग गर्ने विद्वान् इटालेली चिन्तक अन्तोनियो ग्राम्ची हुन् । उनले सदियौँदेखि शोसित–पीडित तथा आवाजविहीन वर्गलाई बुझाउन सबाल्टर्न शब्द प्रयोग गरेका हुन् । यस कथामा नेपाली समाजमा सीमान्तीकृत समुदायका रूपमा रहेका महिला, तथा निम्न वर्गको समस्यालाई प्रखर रूपमा उठाइएको हुनाले सीमान्तीयताका दृष्टिकोणबाट पनि यो कथा अध्ययनीय देखिन्छ तर अहिलेसम्म यस कोणबाट प्रस्तुत कथाको अध्ययन हुन नसकेकाले यही अभाव र विषयको अध्ययनीयतालाई दृष्टिगत गरी यस लेखमा 'तिउरीको फूल, पायरियाको गन्ध' कथालाई विवेच्य सामग्री बनाई सीमान्तीयताका कोणबाट विश्लेषण गरिएको छ ।

'तिउरीको फूल, पायरियाको गन्ध' कथालाई सीमान्तीयतासम्बन्धी सैद्धान्तिक मान्यताका आधारमा विश्लेषण गर्नु नै प्रस्तुत अध्ययनको मुख्य समाधेय समस्या हो । प्रस्तुत शोध समस्याको प्रामाणिक र प्राज्ञिक समाधानका लागि 'तिउरीको फूल, पायरियाको गन्ध' कथामा सीमान्तीयताको अवस्था के–कस्तो रहेको छ भन्ने शोध्य प्रश्नसँग सम्बन्धित भई कथामा रहेको लैङ्गिक र वर्गीय सीमान्तीयताको अवस्थालाई विश्लेषण गरिएको छ ।

## अध्ययनविधि र सामग्री

प्रस्तुत लेखमा पारिजातद्वारा लेखिएको 'तिउरीको फूल, पायरियाको गन्ध' कथाको सीमान्तीयताका आधारमा विश्लेषण गरिएको छ । यहाँ पुस्तकालयीय अध्ययनबाट सामग्री सङ्कलन गरेर तिउरीको फूल, पायरियाको गन्ध कथालाई प्राथमिक सामग्रीको रूपमा उपयोग गरिएको छ । कथा विश्लेषणको अवधारणा निर्माणका लागि सीमान्तीयतासँग सम्बन्धित सैद्धान्तिक पुस्तकहरू र लेखहरूको उपयोग गरिएको छ । कथाका बारेमा विभिन्न विद्वान्, विज्ञ तथा शोधार्थीहरूबाट गरिएका अनुसन्धानमूलक लेख रचना तथा स्वतन्त्र अध्ययनलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । यो साहित्यिक लेख भएकाले यसमा गुणात्मक शोधढाँचाको प्रयोग गरिएको छ । त्यसमा पनि मुख्यतः पाठविश्लेषण विधिको उपयोग गरिएको छ । 'तिउरीको फूल, पायरियाको गन्ध' कथाको सूक्ष्म पठन गरेर यसमा सीमान्तीयताका सूचकको पहिचान गर्दै कथाको विश्लेषण गर्ने काम गरिएको छ ।

प्रस्तुत लेखमा पारिजातद्वारा लिखित 'तिउरीको फूल, पायरियाको गन्ध' कथामा सीमान्तीयताको अवस्था के–कस्तो रहेको भन्ने मुख्य समस्यामा केन्द्रित भई वर्गीय र लैङ्गिक सीमान्तीयताका मान्यतालाई सामग्री विश्लेषणको मुख्य आधार बनाइएको छ । यसमा आवश्यकताअनुसार वर्णन, व्याख्या तथा विश्लेषणत्मक पद्धति अपनाइएको छ । यस अध्ययनमा छनोट गरिएका सामग्री विश्लेषणका लागि वर्गीय सीमान्तीयता र लैङ्गिक सीमान्तीयता सम्बन्धी सैद्धान्तिक मान्यताको उपयोग गरिएको छ ।

## नतिजा र छलफल

### लैङ्गिक तथा वर्गीय सीमान्तीयताको सैद्धान्तिक स्वरूप

सांस्कृतिक अध्ययनभित्रको एउटा नवीन सैद्धान्तिक अवधारणा सीमान्तीयता हो । यसलाई अङ्ग्रेजी भाषा साहित्यमा 'सबाल्टर्न' भनिन्छ । इटालेली चिन्तक अन्तोनियो ग्राम्चीद्वारा सर्वप्रथम प्रयोग गरिएको 'सबाल्टर्न' शब्दले

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X
सदियौँदेखि शासित, आवाजविहीन तथा इतिहासविहीन वर्गलाई जनाउँछ । आफू जेलमा रहँदा लेखिएको डायरी दि प्रिजन नोटबुक्समा ग्राम्चीले उत्पीडित तर वर्गीय रूपमा सचेत र सङ्गठित नभएका तथा आवाजविहीनहरूका लागि 'सबाल्टर्न' शब्द प्रयोग गरेका छन् र उनले 'सिभिल सोसाइटी', 'हिस्ट्री अफ स्टेट' तथा 'ग्रुफ अफ स्टेट' जस्ता पदावलीमार्फत सबाल्टर्नहरूको मुक्तिको कुरा उठाएका छन् (ग्राम्ची, १९७१, पृ. २०२) । 'सबाल्टर्न' शब्दले हरेक दृष्टिले समाजमा हेपिएका, तल्लो दर्जाका व्यक्ति, समूह वा समुदायलाई जनाउँछ । सीमान्तीयताको अर्थ निर्धा, निमुखा, दबिएका, हेपिएका र ओझेल परेकाहरू भन्ने हुन्छ । ब्रिटिस सेनामा क्याप्टेनभन्दा तलको पदलाई सबाल्टर्न भन्ने गरिन्छ । मार्क्सले यो अर्थ र सन्दर्भमा प्रयोग हुने उत्पीडित पदावली प्रयोग गरेका छन् । इटालेली भाषामा यसलाई 'सबाल्टर्नो' भन्ने गरिएको छ (बराल, २०७३, पृ. १७२) । इतिहास लेखन प्रक्रियामा नवीन तरिका र विश्लेषणको प्रभावकारी आधार निर्माण गर्ने प्रयासका रूपमा सीमान्तीयता अध्ययन आरम्भ भएको हो । यसले मुख्यतः कृषक, दमित, शासित, सर्वहारा अनि श्रमिक वर्गको जीवनव्यथालाई अघि सारेको देखिन्छ (लामा, २०१७, पृ. १११) । इतिहास निर्माणमा महत्त्वपूर्ण भूमिका रहेका सबाल्टर्नहरूको इतिहासमा कुनै स्थान नभएकाले तिनलाई केन्द्रमा राखेर इतिहास लेखिनुपर्छ भन्ने सीमान्तीयता अध्ययन समूहको मुख्य उद्देश्य रहेको छ ।

युगौँदेखि इतिहासका पानाबाट बाहिर फ्याँकिएका सबाल्टर्न वर्गको आफ्नै इतिहास लेखन गर्ने उद्देश्यले सन् १९८२ देखि दक्षिण एसियामा 'सबाल्टर्न अध्ययन' अभियानको रूपमा सञ्चालनमा आएको देखिन्छ । सबाल्टर्न वर्ग समाजको सबैभन्दा तल रहेको हुन्छ । उत्पादनको क्षेत्रमा महत्त्वपूर्ण भूमिका भए पनि उपभोगका अवस्थामा भने उसको महत्त्व किनारामा पुगिसकेको हुन्छ । यसरी इतिहासका सबै कालखण्डमा एउटा केन्द्रले अनेकन ढङ्गले निर्माण गरेको किनाराको वर्ग नै संसारभर सीमान्तीकृत वर्गका नामले परिचित छ । ग्राम्चीबाट लिइएको सबाल्टर्न शब्दलाई निम्न, उपेक्षित र किनारीकृत वर्गको सम्बोधक शब्दका रूपमा लिने प्रचलन छ । मानिसहरू सबाल्टर्न अध्ययनलाई गरिब र सर्वहारा अनि समाजका पिछडिएका र सीमान्तीकृत मानिसहरूको पर्यायका रूपमा लिन्छन् (सुवेदी, २०६८, पृ. ह्क्ष्ह्) । यसरी दलित, जनजाति, आर्थिक, लैङ्गिक, सामाजिक, सांस्कृतिक रूपमा उपेक्षित वा किनारीकृत सबैको पयार्यका रूपमा सबाल्टर्न (सीमान्तीयता) अध्ययन स्थापित हुँदै आएको छ ।

सबाल्टर्न वर्ग भनेको आर्थिक रूपमा कमजोर वर्ग मात्र होइन, जीवनका अनेक कोणहरूबाट यस वर्गको पहिचान गर्न सकिन्छ । गायत्री स्पिभाकका अनुसार सबाल्टर्नहरू बोल्न सक्दैनन् । आवाजविहीनहरू नै वास्तवमा सबाल्टर्न हुन् । बोलिहाले पनि उनीहरूको आवाजलाई सुनिँदैन र दबाउने प्रयास गरिन्छ । उनका दृष्टिमा नारीहरू नै वास्तविक सबाल्टर्न हुन् । पितृसत्तात्मक समाजमा सबै पक्षबाट उपेक्षित र पाखा पारिएका भनेको महिलाहरू नै हुन् । पुरुषहरूले परिवार अनि समाजमा आफैँलाई प्रमुखता प्रदान गरेपछि नै लैङ्गिक किनारीकरण प्रारम्भ भएको हो र यसको इतिहास सायद मानवसभ्यता जतिकै पुरानो छ (सुब्बा, सन् २०११, पृ. १२) । निम्न जात र निम्न वर्गमा मात्र होइन, उच्च जात र उच्च वर्गमा पनि नारीहरू सबाल्टर्न भएका छन् । पुरुषले घर, समाज र राष्ट्रमा समेत आफूलाई प्रमुखका रूपमा उभ्याएपछि नारीहरू सबाल्टर्न भएका देखिन्छन् । एउटै घर परिवारको सदस्य, छोरी आमा, श्रीमती आदि भएर पनि नारी सदियौँदेखि सबाल्टर्न बनाइएका छन् । स्पिभाक सबाल्टर्नलाई लैङ्गिकताका कोणबाट अध्ययन गर्नुपर्ने मान्यता राख्छिन् ।

सबाल्टर्नहरू आफैँ बोल्न सक्छन् कि सक्दैनन् भन्ने विषयमा विद्वान्हरूको एउटै मत पाइँदैन । सामान्यतः सबाल्टर्न भन्नाले बोल्न नसक्नेहरूलाई नै जनाउँछ । बोल्न नसक्ने भएकाले उनीहरूको आवाज अरू कसैले बोलिदिनुपर्छ वा तिनीहरूको प्रतिनिधित्व अरू कसैले गरिदिनुपर्छ । तर मिसेल फुकोकाअनुसार हरेक व्यक्तिले

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

आफ्नो प्रतिनिधित्व आफैँ गर्न सक्छ । उनी भन्छन् 'निमुखा (सबाल्टर्न) वर्गको प्रतिनिधित्व गर्न खोज्ने हाम्रो प्रयासले ती दलित व्यक्ति/समुहहरूप्रति साङ्केतिक वा सांस्कृतिक हिंसा मात्र गर्न सक्छ (उप्रेती, २०६८, पृ. २८२) । यस विषयमा फुकोको भन्दा स्पिभाकको मत फरक रहेको देखिन्छ । उनका दृष्टिमा सबाल्टर्नले बोल्न सक्छन् भने ती सबाल्टर्न नै रहँदैनन् (चापागाईं, २०७३, पृ. ७४) । बोल्न नसक्ने भएकाले बौद्धिक वर्गले उनीहरूका लागि बोलिदिनुपर्छ । जेजस्तो भए पनि बौद्धिक वर्गले सबाल्टर्न समुहको प्रतिनिधित्व गर्न छोड्नुहुँदैन भन्ने धारणा स्पिभाकको देखिन्छ । समाजमा सबाल्टर्न बोल्न सक्दैनन् यदि बोलिहाले भने पनि शक्तिशाली वर्गले उनीहरूको आवाजलाई अर्थहीन हल्लाका रूपमा मात्र लिन्छन् । समाजका मूलधारका शैक्षिक संस्था र सञ्चारमाध्यमको भाषा र अभिव्यक्तिको ढाँचासँग अनभिज्ञ सबाल्टर्नहरूको  आवाज समाजको मूलधारसम्म पुग्न सक्दैन । आफ्नो बारेमा बोल्न नसक्ने सबाल्टर्नहरूले आफ्नो प्रतिनिधित्व आफैँ गर्न सक्दैनन् (शर्मा, २०७०, पृ. ३१८) । साहित्यिक कृतिमा लेखकले सबाल्टर्नको प्रतिनिधित्व गराउँदै तिनको आवाज समेत व्यक्त गरेको हुनसक्छ ।

सीमान्तीय अध्ययनले लिङ्ग, वर्ग, जाति, धर्म, भूगोल आदिका आधारमा सीमान्तीकृत समुदायको प्रतिनिधित्व कसरी भएको छ, उनीहरूलाई त्यहाँ कसरी चिनाइएको छ भन्ने आधारमा कृतिको अध्ययन गर्दछ । समाजका प्रभुत्वशाली वर्गले सीमान्तीकृत वर्गलाई कस्तो व्यवहार गर्छन्, सबाल्टर्न वर्गले आफ्नो अवस्थालाई कसरी लिन्छन् तथा उनीहरूमा प्रतिरोध चेतना विकसित भएको छ कि छैन भन्ने आधारमा कृतिको विश्लेषण गरिन्छ । प्रस्तुत लेखमा पारिजातद्वारा लिखित 'तिउरीको फूल, पायरियाको गन्ध' कथामा सीमान्तीयताको अवस्था के–कस्तो रहेको भन्ने मुख्य समस्यामा केन्द्रित भई वर्गीय र लैङ्गिक सीमान्तीयताका मान्यतालाई सामग्री विश्लेषणको मुख्य आधार बनाइएको छ ।

**'तिउरीको फूल, पायरियाको गन्ध' कथामा वर्गीय सीमान्तीयताको विश्लेषण**

पारिजातद्वारा लिखित "तिउरीको फूल, पायरियाको गन्ध" शीर्षकको कथा उनकै पहिलो कथासङ्ग्रह आदिम देश (वि. स. २०२५) मा सङ्कलित छ । कथाकी मुख्य नारी पात्र लाटीले वर्गीय सीमान्तीकृत नारी समुदायको प्रतिनिधित्व गरेकी छ । गाँस, बास र कपासको कुनै टुङ्गो नभएको उसको अवस्था अत्यन्तै कारुणिक बनेको देखिन्छ । शरीरमा एकधरो कपडाबाहेक अरू केही नभएकी लाटीको बास बस्ने घर तथा माया गर्ने आफन्त कोही पनि छैनन् । कुमारी आमाले उसलाई जन्माएर त्यतिकै सडकमा फालेकाले ऊ बेवारिसे बनेकी छ । उसको पीडादायी अवस्थालालाई कथाका यी सन्दर्भले चित्रण गरेको छ :

> मन्दिरको खुडकिलोमा नदेखे राती बार–पसलको छाप्रोमा नत्र कतै यही टोलभरि घरबाहिरको अँध्यारोमा ऊ हुन्छे । राती उसको इतिहास थाहा नपाउनेले दिउँसो यो गोरेटेमा हेरे कुनै न कुनै बेला उसलाई आएको वा गएको देख्छ तर दिउँसो पनि उसले कसैलाई हेला गरेकी छैन । यिनै रुखहरूको ओझेलमा पनि उसको बास आउँछ, यहाँबाट अझ उता नरकट घारीतिर हराएर पनि उसले आफूलाई लुकाएकी छैन, स्पष्ट पारेकी छ बिचरी ! लुक्ने ठाउँ नै छैन उसको ।(पृ. ५८)

माथिको साक्ष्यले लाटीको निम्न वर्गीय स्थितिलाई पुष्टि गरेको छ । उसको आफ्नो घर नभएकाले ऊ कहिले बार–पसलको छाप्रोमा, कहिले मन्दिरको खुडकिलोमा, कहिले टोलभरिका घरबाहिरको अँध्यारोमा (पृ.५८) रात बिताउन बाध्य देखिन्छे । दिउँसो पनि उसको कतै लुक्ने ठाउँ नभएकाले रुँदै, कराउँदै नरकट घारीतिर गएको देखिन्छ । घाम छल्ने ठाउँ नभएर रुखको छहारी खोज्दै हिँड्नु परेको छ । यी सब घटनाक्रमले उसको निम्न वर्गीय अवस्थालाई

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X
प्रस्ट पारेको छ । आफ्ना भन्ने कोही नभएर ऊ बेवारिसे भएर जतातत‍ै हिँडेकी छ । खानका लागि ऊ साहुकहाँ भाँडा माझ्न जान्छे । श्रम गरेर खाने ऊ साहुबाट उचित ज्याला नपाउँदा सीमान्तीय जीवन बिताउन विवश भएकी देखिन्छ । ऊ श्रमिक हो भन्ने कुरालाई पुष्टि गर्न यी सन्दर्भ प्रस्तुत गर्नु उपयुक्त हुन्छ "मलाई देख्नासाथ ऊ हाँस्छ, हाँस्दा उसको अनुहार प्रायः खुम्चिन्छ । लाटी त्यहाँ हुन्न, यस बेला ऊ साहुकहाँ भाँडा माझ्न जान्छे (पृ. ५५) ।" लाटीले श्रमजीवी वर्गको प्रतिनिधित्व गरेकी छ । ऊ हात पसारेर होइन, काम गरेर खान्छे । कामबाट प्राप्त आमदानीले उसको बिहानबेलुकाको चुलो बल्न मुस्किल भएको छ । खानैका लागि धौधौ भएको उसको बस्ने घर र लगाउने कपडा त झन हुने कुरै भएन । ऊ श्रम शोषणमा परेकीले उसको अवस्था पीडादयी बनेको देखिन्छ । यसरी गाँस, बास र कपासबाट वञ्चित ऊ वर्गीय दृष्टिले सीमान्तीकृत बनेकी छ ।

उच्च वर्गीय पितृसत्तात्मक सामाजिक संरचनाले निम्न वर्गीय सीमान्तीकृत समुदायको मौलिक पहिचान समाप्त पारी नयाँ पहिचान निर्माण गरिदिएको हुन्छ । कथामा नारी पात्रका रूपमा रहेकी लाटी नारीका रूपमा नभएर लाटीका रूपमा परिचित हुन पुग्नुले यही कुरा पुष्टि गरेको छ । उच्च वर्गको प्रभुत्वका कारण लाटी जस्ता निम्न स्तरको जीवनयापन गरिरहेका समुदायको जीवन बढो कष्टकर बनेको देखिन्छ । उच्च वर्गबाट बलात्कृत भएकी लाटीकी आमाले छोरी जन्मेपछि सडकमै फाल्न बाध्य भएका कारण लाटीजस्ता समुदायले यसरी बेवारिसे हुनु परेको हो । ऊ जस्ता समुदायलाई उपेक्षित, प्रताडित तथा किनाराकृत हुँदै सीमान्तीकृत जीवन जिउँन विवश बनाइएको छ । लाटीका परिवारले नै उसलाई नअप्नाएका कारण ऊ सडकसडक भौतारिन बाध्य भएको कुरा कथाका यी उद्धरणले प्रस्ट पारेका छन् :

> मेरो पनि घर भए मलाई मान्छेहरूले रातभरि दुः ख दिने थिएनन् । घरको यो एउटा फाइदा पनि छ । आहा ! चार दिवारी र एउटा गजबार भएको ढोका मेरो पनि भए, मैले पनि भनेकी थिएँ मेरो मासु सित्थैंमा लुट्न आउनेहरूलाई गजबार नखोलेर बाहिर विचलित पार्न ।(पृ.५९)

माथिका सन्दर्भले लाटीजस्ता समुदायको वर्गीय पहिचान प्रस्तुत गरेको छ । आर्थिक अवस्था कमजोर भएकाले लाटीको बास बस्ने घर छैन र घर नभएका ऊ बाटोबाटो भौतारिँदै हिँड्नु परेको छ, सुत्ने ठाउँ नभएका कारण ऊ कहिले मन्दिरको बलेसी, कहिले अर्काका घरको भऱ्याङ त कहिले अँध्यारोमा त्यसै पल्टिन विवश भएकी छ । उसको यही अप्ठ्यारो अवस्थाको फाइदा उठाएर उसलाई पुरुषहरूले दुः ख दिइरहेका छन् । यदि उसको पनि घर भएको भए उसले यसरी पुरुषहरूको उपभोग्य वस्तु बनिनु पर्ने थिएन । ऊ आनन्दले घरभित्र ढोका लगाएर सुत्न सक्थी भन्ने कथामा अभिव्यक्त आशयले उसको न्यून आर्थिक अवस्थालाई पुष्टि गरेको छ ।

बलात्कृत कुनै कुमारी आमाले लाटीलाई जन्माएर घरबाहिरै फाल्न विवश भएकाले उसको बास सडकमा भएको हो । प्रभुत्शाली वर्गको यौनतृप्तिका कारण ऊ जस्ता समुदाय समाजमा जन्मन्छन् अनि सडक, मन्दिर, पाटी, पौवा, सडकमा बेवारिसे भएर अभावग्रस्त जीवन बिताउन विवश बनाइन्छन् । ज्ञानविहीन भएकाले लाटीका आमा जस्ता नारीहरू हकअधिकारबाट वञ्चित भई आफ्ना सन्तानलाई बेवारिसे बनाई सडकमा फाल्न विवश भएका देखिन्छन् । कथामा लाटीकी आमाले सामाजिक न्याय नपाएका कारण लाटीले पनि अभावग्रस्त जीवन जिउँन बाध्य भएकी हो । लाटीको कुनै आश्रय स्थल नभएकाले ऊ समाजबाट असुरक्षित भई र पुरुषहरूको यौनशोषण भोग्न विवश भई । यसरी आर्थिक विपन्नताका कारण लाटीले वर्गीय र लैङ्गिक उत्पीडनको दोहोरो मार खेप्न विवश भएको देखिन्छ । आफ्नो घर नभएकाले बाहिर सडकमा कठ्याङ्ग्रिएर बस्नुपर्ने, पुरुषहरूको उपभोग्य वस्तु बन्नु पर्ने, घाम

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X
छल्न रुखको छहारी खोज्नु पर्ने जस्ता कार्य निम्न वर्गीय समुदायको यथार्थता पनि हो । यस्तो असुरक्षा र विपन्नता घरबारविहीन लाटी जस्ता समुदायको वर्गीय पहिचान हो । यस्तो स्थितिले वर्गीय सीमान्तीकृत समुदायलाई पीडित बनाएको देखिन्छ ।

कथामा टुरिष्ट गाइड, पुलिस र रिक्सावालले पनि निम्न वर्गीय समुदायको प्रतिनिधित्व गरेका छन् । उनीहरू वर्गीय रूपमा सीमान्तीकृत हुँदाहुँदै पनि लाटीमाथि यौन उत्पीडन गरेकाले तिनीहरू यौन उत्पीडकका रूपमा परिचित भएका छन् । त्यसैगरी लाटीकी आमालाई बलात्कार गरी उसबाट जन्मेकी छोरी (लाटी) लाई घरबाहिर फाल्न विवश बनाउने उच्च वर्गीय समुदायको पनि कथामा प्रतिनिधित्व गराइएको देखिन्छ । उच्च वर्गको दमन, शोषण तथा उत्पीडनका कारण लाटी जस्ता निम्न वर्गीय समुदाय वर्गीय रूपमा सीमान्तीकृत हुनुपरेको छ । तत्कालीन विमर्शात्मक संरचना उच्च वर्गलाई संरक्षण गर्ने र निम्न वर्गलाई उपेक्षा गर्ने खालको भएकाले लाटी जस्ता निम्न वर्गीय समुदाय तिरस्कृत तथा शोषित भई सीमान्तीकृत हुन पुगेको हो । यसरी कथामा आर्थिक रूपमा पछि पारिएका लाटी जस्ता सीमान्तीकृत समुदायको उपयुक्त प्रतिनिधित्व भएको देखिन्छ । कथाले तत्कालीन शक्ति सम्बन्धले निर्माण गरेको वर्गीय सीमान्तीयतालाई जीवन्त रूपमा उतारेको छ ।

निम्न वर्गीय नारी समुदायलाई आफ्नो घर भएर पनि सामाजिक सुरक्षा र लैङ्गिक अधिकारको प्रत्याभूति हुन नसेको कारण लाटीकी आमा जस्ता सीमान्तीकृत नारी समुदायलाई आफ्ना सन्तान खोलानाला, वनजङ्गल, मठमन्दिर, पाटीपौवा तथा सडकमा बेवारिसे बनाउन बाध्य बनाइएको छ । आश्रय नभएका विपन्न वर्गका नारी समुदाय अनेक प्रकारका शोषणमा परेका छन् । लाटीले मन्दिरको खुड्किलो, बारपसलको छाप्रो, टोलभरिका घरबाहिर अँध्यारो (पृ.५८) भागलाई घर मानेर बस्नुपरेको छ । यस अवस्थाले ऊ जस्ता नारी समुदायको विपन्नताको पराकाष्टा प्रकट भएको छ ।

कथामा लोग्ने–स्वास्नीको सम्बन्धलाई पनि आर्थिक पक्षले प्रभावित पारेको देखिन्छ । उत्पादनका साधन र अर्थमाथि पुरुष वर्गको अधिकार कायम रहने र उनीहरूले आर्थिक प्रभुत्व कायम गरी नारीमाथि शासन गर्न सक्ने व्यवस्था पितृसत्ताले नै निर्माण गरेकाले नारीहरू आर्थिक रूपमा कमजोर भई पुरुषको उपभोग्य वस्तुका रूपमा रहन विवश भएका हुन्छन् । यस दृष्टिले उनीहरू पुरुष अधीनस्थ भई हक अधिकारविहीन बन्न बाध्य हुनु उनीहरूको वर्गीय पहिचान बनेको छ । यस कथामा लाटीले प्राप्त गरेको वर्गीय पहिचान नै निम्न वर्गीय समुदायको वर्गीय पहिचान हो । यस कुरालाई पुष्टि गर्न यी सन्दर्भ प्रस्तुत गर्नु उपयुक्त देखिन्छ –"तर होइन घरभित्र भए मलाई लुट्न आउनेहरू मेरा हत्केलामा केही दाम राखिदिने थिए, कि दुई छाक खान दिन्थे । सबैले त्यसै गरेका छन्, स्वास्नीहरूलाई दिउँसो खान दिन्छन् 'रातीलुट्छन्' पर्खालभित्र कसले देख्छ र (पृ. ६०) ?' कथामा घरबाहिर मात्र होइन, घरभित्र पनि नारी लुटिएका देखिन्छन् र त्यसको प्रमुख कारण भनेको आर्थिक विपन्नता रहेको पुष्टि भएको छ । आयआर्जनमाथि पुरुषको प्रभुत्व कायम रहने विमर्श पितृसत्ताले निर्माण गरेकाले नारीहरू आर्थिक रूपमा किनाराकृत हुन् पुग्छन, जसले गर्दा उनीहरूमाथि पुरुषको वर्चस्व कायम रहेको हुन्छ । नारीहरू हरेक सन्दर्भमा पुरुष अधीनस्थ बनाइन्छन् । नारीलाई पुरुषले मन लागी प्रयोग गर्न सक्छन् । बिहान, बेलुका खाना दिएर, कहिंलेकाहीं पैसा दिएर पुरुष वर्गले नारीमाथि शोषण गरिरहेको देख्न सकिन्छ । कथामा पनि त्यस्तै भएको छ । घरभित्र समाख्याताकी श्रीमती र बाहिर लाटी लुटिएकी छ र त्यसको कारण भनेको अर्थमाथि नारीको अधिकार नहुनु हो । यसरी आर्थिक विपन्नता अर्थात, अर्थमाथि नारीको अधिकार नभएकाले नारीमाथि पुरुष प्रभुत्व कायम रहेको हो, जसले गर्दा नारी समुदाय वर्गीय रूपमा सीमान्तीकृत हुन बाध्य भएका छन् ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

घरबारविहीन लाटीको कुनै ओत लाग्ने ठाउँ नभएकाले पानी परिरहेको अवस्थामा पनि बाहिर चिसोमा कठङ्ग्रिएर बस्न विवश भएको सन्दर्भलाई कथाले प्रस्तुत गरेको छ । एउटी अबला नारी अर्धचेतन अवस्थामा बाहिर पानीमा भिझिरहेको समयमा पनि उसलाई न समाजले उद्धार गरेको छ न सरकारले नै । रिक्सावालदेखि पुलिस प्रशासनसमेतले उसको गरिवीको फाइदा उठाएर उसलाई दुःख दिइरएका छन् । घरभित्र बस्दा त मानिसले अनेक कठिनाइ झेल्नुपर्छ तर एउटी अर्धचेतन अवस्थाकी लाटीले सडकसडक भौँतारिएर हिँड्नुपर्दा कति दुःख भोग्नुपरेको छ भन्ने कुरालाई 'मेरो पनि घर भए मान्छेहरूले रातभरि दुःख दिने थिएनन् (पृ. ३४) भन्ने उसको अभिव्यक्तिबाट प्रस्ट भएको छ । उसको कठिनपूर्ण जीवनभोगाइ अनि बाध्य भएर जीउँनुपरेको अवस्थाले कथामा सदियौँदेखि वर्गीय असमानतालाई चुपचाप सहन बाध्य बनाइएका वर्गीय सीमान्तीकृतको प्रतिनिधित्व भएको छ । सीमान्तीकृतहरू आवाजविहीन हुन्छन् भन्ने विचार लाटीले आफूमाथि भएको अत्याचारको विरुद्धमा प्रतिकार गर्न नसकेको घटनाबाट स्पष्ट हुन्छ । निम्न आर्थिक अवस्था भएका सबाल्टर्नले प्रभुत्वशाली वर्गबाट कसरी घृणित तथा अपमानित भएर सीमान्तीकृत हुनु परिरहेको छ, त्यस तथ्यलाई कथाले जीवन्त रूपमा प्रस्तुत गरेको छ ।

**'तिउरीको फूल, पायरियाको गन्ध' कथामा लैङ्गिक सीमान्तीयताको विश्लेषण**

सबाल्टर्न वर्ग पहिचानको अर्को आधार लैङ्गिक सीमान्तीयता पनि हो । प्रस्तुत कथामा लाटीले लैङ्गिक दृष्टिबाट सीमान्तीकृत समुदायको प्रतिनिधित्व गरेकी छे । पितृसत्तात्मक सामन्ती समाजमा पुरुषले महिलालाई महिला भएकै कारण उसमाथि शारीरिक, मानसिक तथा यौनिक हिंसा गरी शोषण गरेको देख्न सकिन्छ । प्रस्तुत कथामा पनि प्रभुत्वशाली वर्गका प्रतिनिधि पुलिस, टुरिष्ट गाइड, रिक्सावालादेखि अड्डामा काम गर्ने पुरुष कर्मचारीले समेत कथाकी प्रमुख नारी पात्र लाटीलाई यौनतृप्तिको साधन बनाएका छन् । आफन्तविहीन सडकमा फालिएकी लाटीको ओत लाग्ने घर पनि छैन, माया गर्ने परिवार पनि छैनन् । ऊ त्यसै भौतारिँदै कहिले मन्दिरको बलेसीमा त कहिले बार पसलको छाप्रोमा रात विताउन बाध्य भएकी छ । उसको यही अवस्थाको फाइदा उठाएर यौनपिपासु पुरुषहरूले राती मात्र होइन, दिउँसै पनि उसको अस्मिता लुटेर उसलाई पीडित बनाएका छन् । यस प्रसङ्गलाई प्रस्ट पार्न निम्नलिखित सन्दर्भलाई प्रस्तुत गर्नु उपयुक्त देखिन्छ । उसका तर्सेका आँखाहरूमा याचना छन् र भनिरहेकी छ, मोडनिरको रिक्सावाल र पुलिसले उसलाई दिउँसै पनि दुः ख दिन्छन् । (पृ. ३०)

समाजमा महिलाहरू कुनै पनि ठाउँमा कुनै पनि वेला असुरक्षित भएको तथ्य प्रस्तुत गरेर पारिजातले नारीको अवस्था र हैसियतलाई प्रस्ट पारिदिएकी छन् । काठमाडौँ जस्तो सुविधा सम्पन्न ठाउँमा एउटी असाय नारी सार्वजनिक स्थलमै दिउँसै बलात्कृत हुँदा समेत पनि उसको सुरक्षाका लागि कसैले आवाज उठाएका छैनन् । उसको पीडालाई कसैले महसुस गरेका छैनन् । यसबाट पनि थाहा हुन्छ, समाजमा महिलाको अवस्था कति निरीह छ भनेर । देश र जनताका सुरक्षामा खटिएको एउटा सुरक्षाकर्मीद्वारा नै लाटी बलात्कृत हुनु भनेको पितृसत्ताका आडमा नारीमाथि गरिएको लैङ्गिक हिंसाको दरिलो प्रमाण हो । पुलिस र रिक्सावालले पुरुषसत्तात्मक वैचारिक सोचले गर्दा नै आफूलाई मनलागी गर्न पाउने शासक वर्गमा स्थापित गरेका छन् र लाटीलाई निरीह, कमजोर तथा क्षमताहीन रूपमा मूल्याङ्कन गरी किनारीकृत गरेका छन् । विभेदकारी सामाजिक संरचनाद्वारा नै महिला लैङ्गिक रूपमा सीमान्तीकृत बनाइएका हुन्छन् भन्ने कुरा माथिको कथांशबाट प्रमाणित भएको छ ।

पितृसत्तात्मक सामन्ती संरचनाकै कारण समाजमा नारीहरू शोषित भएका, उनीहरूले आफूमाथि भएको शोषणका विरुद्ध आवाज उठाउन नसकेका तथ्यहरूलाई कथाले प्रस्तुत गरेको छ । यसमा घरबारविहीन बेवारिसे

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

महिला मात्र पुरुषद्वारा लुटिएका छैनन्, घरभित्रै पनि महिला बलात्कृत भएका छन्  तर त्यसको विरुद्ध उनीहरूले आवाज उठाउन सकेका छैनन् । दमनकारी सामन्ती समाजमा महिला सहमति तथा जबर्जस्ती जुनसुकै तरिकाबाट पनि पुरुषबाट शोषित भई सीमान्तीकृत बन्न बाध्य हुन्छन् । यसमा पनि नारीको अवस्था त्यस्तै देखिन्छ । पितृसत्ताको दवदवाका कारण नारीलाई जुनसुकै ठाउँमा सीमान्तीकृत बनाइएको हुन्छ भन्ने कुरालाई पुष्टि गर्न निम्नलिखित साक्ष्य प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ :

> चार दिवारी र एउटा गजबार भएको ढोका मेरो पनि भए, मैले पनि जानेकी थिएँ । मेरो मासु सित्थैँमा लुट्न आउनेहरूलाई गजबार नखोलेर बाहिर विचलित पार्न । म राती सधैँ ढोका लगाएर मौजसँग सुत्थेँ तर भित्र पनि उस्तै त होला मान्छेले जानेकै के छ र ? तर होइन घरभित्र भए मलाई लुट्न आउनेहरू मेरो हत्केलामा केही दाम राखिदिने थिए, कि दुई छाक खान दिन्थे । सबैले त्यसै गरेका छन्, स्वास्नीहरूलाई दिउँसो खान दिन्छन् राती लुट्छन् । पर्खालभित्र कसले देख्छ र ? (पृ. ३५)

घरबाहिर मात्र होइन, घरभित्र पनि नारी यौनहिंसाको सिकार भएका छन् भन्ने तथ्य माथिको उदाहरणबाट प्रकट भएको छ । पुरुषहरूले महिलालाई जुनसुकै नीति अपनाएर भए पनि आफ्नो अनुकूल प्रयोग गरेका हुन्छन् । फरक यति हो, कसैले सहमतिमा त कसैले जबर्जस्ती गरेर उनीहरूलाई वासनातृप्तिको साधन बनाएका हुन्छन् । यस कथामा पनि बाहिर बेवारिसे भएर हिँड्ने लाटी मात्र पुरुषहरूबाट लुटिएकी छैन । घरभित्र पतिसँगै हुने नारीहरू पनि लुटिएका छन् भन्ने उदाहरण प्रस्तुत गरेर महिला कतै पनि सुरक्षित हुन नसकेको अवस्थालाई उद्घाटन गरिएको छ । कथामा नारीले लैङ्गिक रूपमा सामाजिक न्याय प्राप्त गर्न नसकेकाले सीमान्तीकृत हुनुपरेको देखिन्छ । यसरी सीमान्तीकृत हुनुको मुख्य कारणहरू पितृसत्ताको प्रभाव र समाजमा भएको लैङ्गिक विभेदपूर्ण सोच मुख्य जिम्मेवार ठहर्छन् ।

समाजमा महिला बलात्कृत हुने, बलात्कृत महिला गर्भवती भएपछि समाजले उसलाई नै दोषी ठहऱ्याउने तथा बलात्कार गर्ने पुरुष चाहिँ भेष बदल्न सक्ने भएकाले ऊ सधैँ निर्दोष ठहरिने सामाजिक परम्पराका कारण सदियौँदेखि महिला सीमान्तीकृत हुनुपरिरहेको अवस्था देखिन्छ । महिलाले बलात्कारबाट बसेको गर्भलाई लुकाउन बच्चा जन्माएर कतै फाल्नुपर्ने परिस्थितिलाई कथामा यसरी प्रस्तुत गरिएको छ । घर बाहिरै फालेको होला कुनै कुमारी आमाले यसको लाटो अस्तित्वलाई पनि (पृ. ३३) । जबर्जस्तीमा बसेको गर्भ लुकाउन बाध्य कुमारी आमाले त्यस लाटीलाई घरबाहिरै जन्माएर फालेको सङ्केत माथिको साक्ष्यबाट प्रकट भएको छ । पुरुषवादी सामन्ती संरचना विद्यमान् समाजमा पुरुषले महिलालाई आफू अनुकूल प्रयोग गर्न सक्ने वातावरण समाजले नै निर्माण गरिदिने भएकाले महिला सधैँ उत्पीडित हुनुपरेको प्रसङ्ग कथामा उल्लेख भएको छ । कथामा लाटी मात्र होइन, उसकी आमा पनि उत्पीडनमा परेको देखिन्छ । यसरी कथामा प्रयुक्त सबै नारी पात्र कुनैनकुनै रूपमा पुरुषबाट हिंसामा परेका देखिन्छन् तर ती कसैले पनि शोषणका विरुद्ध प्रतिरोध गर्न सकेका छैनन् । सामाजिक संरचनामा प्रभुत्वशाली रहेका पुरुष मानसिकता र त्यसले निर्माण गरेका सङ्कथनहरूका कारण कथामा महिलाहरू सीमान्तीकृत बनाइएका वा त्यस अवस्थामा पुऱ्याइएका छन् । समाजमा सीमान्तीकृत भएर बाँचेका तिनै महिलाहरूको पीडालाई कथामा प्रस्तुत गरिएको छ । सदियौँदेखि दबिएर रहेका नारीको हृदयस्पर्शी गाथा सुनाएर यस कथामा कथाकार पारिजातले यस्तो दमानकारी संस्कृतिको अन्त्य हुनुपर्ने सङ्केत गरेकी छन् ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

कथाकार पारिजातको प्रस्तुत 'तिउरीको फूल, पायरियाको गन्ध' कथा सीमान्तीकृत समुदायका समस्यामा केन्द्रित कथा हो । विभेदकारी सामाजिक संरचनाका कारण लैङ्गिक र वर्गीय रूपमा सीमान्तीकृत बनाइएकी कथाकी नायिका लाटीको माध्यमबाट स्थापित पुरातन मूल्यमान्यतामा परिवर्तन हुनुपर्ने आशय व्यक्त गरिएको देखिन्छ । सीमान्तीकृतको स्वतन्त्रता र हकअधिकारका विषयमा लेखकीय दृष्टि तत्कालीन सामाजिक यर्थाथभन्दा भिन्न रहेको छ । यसलाई पुष्टि गर्न प्रस्तुत साक्ष्य पेस गर्नु सान्दर्भिक देखिन्छ - मेरो पनि घर भए मलाई मान्छेहरूले रातभरि दुःख दिने थिएनन् (पृ. ३४) । यहाँ नारी उत्पीडनका विरुद्ध आवाज उठाइएको देखिन्छ । पितृसत्ताका आडमा पुरुष वर्गले आफूलाई ठूलो र शक्तिशाली ठानेर सम्पूर्ण आर्थिक अधिकार आफूले लिने, नारीलाई आफ्नो अधीनमा राख्न सामाजिक, सांस्कृतिक मूल्यहरू आफ्नो अनुकूल हुने गरी बनाउने र त्यसैका आडमा नारीमाथि शासन गरी नारीलाई विविध रूपमा सीमान्तीकृत बनाउने विभेदकारी सामाजिक संरचनाप्रति असहमति प्रकट गरिएको छ । आर्थिक निर्णयमा पुरुषको वर्चस्व कायम रहने विभेदकारी अर्थव्यवस्थाका कारण प्रस्तुत कथाकी नायिका लाटी घरबारविहीन भएर सडकलाई नै आश्रयस्थल बनाउन बाध्य भएकी र सडकसडक भौतारिएर हिँड्नुपर्दा ऊ पुरुषहरूको उपभोगको सामग्री बनाइएकीले त्यस्तो विभेदकारी सामन्ती संरचनाको अन्त्य हुनुपर्ने आशय कथामा देखिन्छ ।

## निष्कर्ष

पारिजातद्वारा लिखित 'तिउरीको फूल, पायरियाको गन्ध' कथा समाजले यथोचित सम्मान दिन नसकेको र किनारामा पारिएका नारी जातिको जीवनको जटिलताहरूको मार्मिक प्रस्तुति हो । यस लेखमा प्रस्तुत कथालाई सबाल्टर्न सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ । त्यसका लागि सबाल्टर्न वर्गको वर्गीय र लैङ्गिक अवस्थाका कोणहरूलाई विश्लेषणको प्रमुख आधार बनाइएको छ । गाँस, बाँस र कपासको अभावमा जीवन धान्न अत्यन्त विकराल समस्यामा परेकी लाटी, कुमारी अवस्थामा नै बच्चा जन्माएर फाल्न बाध्य भएकी उसकी आमा तथा घरभित्रै श्रीमान्हरूबाट लुटिन विवश अन्य नारीहरू वर्गीय र लैङ्गिक दृष्टिले सबाल्टर्न पात्र हुन् । उनीहरू पुरुषसत्तात्मक सामन्ती संरचना र पुँजीवादी अर्थव्यवस्थाका कारण समाजमा किनाराकृत हुन बाध्य भएका छन् । घरबारविहीन सडकमा फालिएकी यस कथाकी नायिका लाटी मात्र होइन, घरभित्रका नारीहरू पनि पुरुषका उपभोगका सामग्री बनाइनुले पितृसत्तात्मक सामाजिक संरचना र विभेदकारी आर्थिक अवस्थाले नै नारी सीमान्तीकृत बनाइएका हुन् भन्ने निष्कर्ष प्राप्त भएको छ । नारीलाई हरेक स्थानमा विभेद गरिएको छ र उत्पीडनमा पारिएको छ । कथामा पुरुषहरू प्रभुत्वशाली र नारीहरू सीमान्तीकृतका रूपमा रहेका र पुरुषले नारीलाई भोगविलासको साधनाका रूपमा प्रयोग गरेको देखिन्छ । पितृसत्ताका कारण तल्लो वर्गले व्यहोर्नु परेको पीडा पनि कथामा सशक्त रूपमा उत्रिएको छ । समाजमा महिला कसरी आफ्नै पति (पुरुष) तथा अन्य (परपुरुष) बाट सामाजिक तथा यौनिक रूपमा शोषित भई सीमान्तीकृत हुनुपरिरहेको छ भन्ने कुरा कथाका नारी पात्रहरूको माध्यमबाट उद्घाटित भएको छ । कथाभित्रको कथ्यले तत्कालीन नेपाली समाजमा पुरुष निरङ्कुशता र हैकमवादले नारीहरू उत्पीडनमा परी सीमान्तीकृत बनाइएका र उनीहरूका पीडा र वेदनाको चित्कार नेपाली समाजले नसुनेको वास्तविकता खुलस्त पारेको छ । टुरिष्ट गाइड, सरकारी कर्मचारी तथा शान्ति सुरक्षाका लागि राज्यले खटाएका पुलिस प्रशासनबाट नै कथाकी प्रमुख नारी पात्र बलात्कृत हुनुले पुरुषसत्तात्मक सामाजिक संरचना नै विभेदकारी भएको निष्कर्ष प्राप्त भएको छ । साथै पितृसत्तात्मक सामन्ती संरचनाद्वारा उपेक्षित भई सीमान्तीकृत बनाइएकी लाटीलाई नायिका बनाएर कथा सृजना गरिएकाले यस कथामा कथाकार पारिजातले सदियौँदेखि दबिएर रहेका सीमान्तीकृतका पक्षमा आवाज उठाउँदै समाज परिवर्तनको सशक्त चेतना पनि व्यक्त गरेकी छन् ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

**सन्दर्भसामग्री**

उप्रेती, सञ्जीव (२०६८), *सिद्धान्तका कुरा*, अक्षर क्रियसन्स नेपाल ।

ग्राम्ची, अन्तोनियो (१९७१, इबि १९९९) , *सेलेक्सन्स फ्रम दि प्रिजन नोटबुक्स* (सम्पा. तथा अनु.) क्वेन्टिन होरे र जिओफ्री नोवेल स्मिथ, लरेन्स एन्ड विसहर्ट ।

चापागाईं, निनु (२०७३) , *पूर्ववाद र सइदेली विचार*, साझा प्रकाशन ।

पारिजात (२०७२), *मैले नजन्माएको छोरो*, फिनिक्स बुक्स ।

बराल, ऋषिराज (२०७३), *मार्क्सवाद र सबाल्टर्न अध्ययन*, साझा प्रकाशन ।

लामा, कविता (सन् २०१७), *कविता डिस्कोर्स*, माया प्रकाशन ।

शर्मा, मोहनराज (२०७०), अवरजन अध्ययन र साहित्य, *भृकुटी*, (सांस्कृतिक अध्ययन विशेषाङ्क, भाग १९), पृ. ३१४–३२० ।

सुब्बा, मनप्रसाद र थापा, रेमिका(सम्पा.), (सन् २०११), *किनारा विमर्श*, गामा प्रकाशन

सुवेदी, अभि (२०६८), सबाल्टर्न इतिहास र बोली, *शक्ति, स्रष्टा र सबाल्टर्न*, तारालाल श्रेष्ठ, पृ. xvii-xxvii ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*